

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ ३१ गते सोमबार ❑ 16 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## ऐतिहासिक पदक विजेता पलेसालाई पोखरा महानगरद्वारा नगद सहित सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



पेरिस प्यारालिम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई पोखरा महानगरपालिकाले नगद सहित सम्मान गरेको छ।

पेरिस ओलम्पिकमा नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाउन सफल खेलाडी गोवर्धनलाई नगर प्रमुख धनराज आचार्यले आइतबार नगद रु.२ लाख २२ हजार २२२ सहित सम्मान पत्रले सम्मान गर्नुभएको हो। पोखरा रङ्गशालामा आयोजित एक कार्यक्रमका बिच पलेसालाई सो सम्मान प्रदान गरिएको हो । 'नेपाली खेलकुदको क्षेत्रमा नेपालकी छोरी पलेसा गोवर्धनले प्राप्त गरेको सफलताले खेल जगत मै उत्साहको नयाँ सञ्चार गरेको छ, नगर प्रमुख आचार्यले भन्नुभयो, यो सफलता नेपाल र नेपालीका लागि गर्वको विषय हो। म विश्वास व्यक्त गर्न चाहन्छु, कि ओलम्पिक यात्रामा नेपाली खेलाडीहरूको सफलता अव यसै गरी दर्ज हुँदै जानेछ ।' भविष्यमा हुने कुनै पनि राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रतियोगिताहरूमा नेपालका खेलाडीहरूको प्रेरणाको स्रोतको रूपमा गोवर्धनको सफलता महत्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो ।

'नेपालले लामो समयदेखि ओलम्पिक गेम्समा सहभागिता जनाउँदै आएको छ, प्रमुख आचार्यले भन्नुभयो, तर अहिलेसम्म पदक तालिकामा नेपालको नाम चढेको थिएन, पलेसाले त्यसको अभावलाई सम्बोधन गर्ने स्थानमा पुऱ्याएकी छिन्, यो खेलाडीहरूका लागि महत्त्वपूर्ण प्रेरणा हो।' महानगरपालिकाले प्रदान गरेको सम्मान पलेसा लगायत खेलाडीहरूको प्रोत्साहन र हौसलाका लागि महत्त्वपूर्ण हुने प्रमुख आचार्यले बताउनुभयो। आइतबार पलेसाका प्रशिक्षक कविराज नेगी लामा र म्यानेजर रामचन्द्र श्रेष्ठलाई समेत सम्मान गरिएको छ । 'हामीले यसअघि पोखरामा सम्पन्न नवौं संस्करणको राष्ट्रिय खेलकुदमा सहभागी भई पदक जित्ने १९२ जना नगरवासी खेलाडीहरू, ३६ जना टिम म्यानेजर र ४० जना प्रशिक्षकहरूलाई समेत नगद सहित सम्मान गनिसकेका छौँ, आज पेरिस प्यारालिम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी पारा तेक्वान्दो खेलाडी पलेसालाई सम्मान गरेका छौँ, उहाँले भन्नुभयो, पोखरा महानगरपालिका राष्ट्रको गहनाका रूपमा रहेका खेलाडीहरूको सदैव साथमा रहनेछ।' समग्र खेलकुदको विकास, पूर्वाधार निर्माण, खेलाडीहरूको खेल कौशल तथा क्षमता विकास, विद्यालय तहका विद्यार्थीहरूको खेल प्रतिको रुचिको प्रवर्द्धन लगायत गतिविधिहरू सञ्चालन गर्ने पोखरा महानगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । नेपालको पर्यटन राजधानी पोखरा खेलकुदको पनि राजधानी सहर भएको उहाँले उल्लेख गर्नुभयो । पोखरा सबै मौसममा हरेक खेल गतिविधिहरू सञ्चालन गर्न सकिने सहरका रूपमा उपयुक्त रहेको बताउँदै उहाँले यहाँ सञ्चालन हुने राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रतियोगिताहरूमा महानगरपालिकाले सहकार्य गर्दै आइरहेको बताउनुभयो ।

नेपाललाई पारा ओलम्पिकमा ऐतिहासिक पदक दिलाएकी गोवर्द्धनले तेक्वान्दोको ५७ केजीभन्दा कम तौलको प्रतिस्पर्धामा सर्वियाली खेलाडीलाई पराजित गरी कांस्य पदक जितेकी थिइन् । पलेसा ओलम्पिक प्रतिस्पर्धामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् । २०२१ को एसिया यूथ पारा गेम्समा स्वर्ण जितेकी पलेसा २०१० देखि तेक्वान्दो खेल्न थालेकी थिइन् ।

## पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा गोकर्ण कार्की बिजयी भएका छन् । आइतबार सम्पन्न भएको मतगणनाबाट कार्कीले १ हजार ३ सय ३९ मत प्राप्त गरी विजयी भएका हुन् ।

उनका प्रतिष्प्रर्धी अर्जुन पोखरेलले भने ८ सय ५१ मत प्राप्त गरे । पोखरेल प्यानल सहितको टिम चुनावी मैदानमा उत्रिएको थियो भने कार्की अध्यक्षका एक्ला उमेदवारको रुपमा प्रस्तुत भएका थिए । त्यसै गरी उपमहासचिवमा सुदीपमान प्रधानाङ्ग बिजयी भएका छन् । स्वतन्त्र रुपमा उम्मेदवारी दिएका उनले अर्जुन पोखरेल प्यानलबाट प्रतिष्प्रर्धामा रहेका बालकृष्ण कोईरालालाई १ सय ३० मत अन्तरले पराजित गर्दै विजयी भए । बिजयी प्रधानाङ्गले १ हजार १ सय ७७ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्धन्द्धी कोईरालाले १ हजार ४७ मत प्राप्त गरे ।

संघको अध्यक्ष र उपमहासचिवबाहेक अन्य पदमा भने निर्विरोध निर्वाचित भएका थिए । संघको बरिष्ठ उपाध्यक्षमा उत्तममान बुद्धाचार्य, उद्योग उपाध्यक्षमा दीनेशचन्द्र बाँस्तोला, वाणिज्य उपाध्यक्षमा बलराम आचार्य, महासचिवमा शोभा गौतम र कोषाध्यक्षमा मनोजकुमार श्रेष्ठ निर्विरोध निर्वाचित भईसकेका थिए । निर्वाचनबाट सदस्यमा ललितबहादुर कुँवर, देवेन्द्र प्रजू, सौगात थापा, दूधमान गुरुङ, भीम गौतम, टीकाराम सुवेदी, जीवनप्रकाश श्रेष्ठ, रामचन्द्र तिमिल्सिना, प्रदीप राजभण्डारी र यादवराज पोखरेल निर्वाचित भएका छन् ।

कुँवर १५३९, प्रजुले १५१६, थापाले १४९४, आशिषले १४६८ र गौतम १४३९, माधवले १३९४, श्रेष्ठले १३८३, तिमिल्सिनाले १३७५, राजभण्डारी १३७० र पोखरेल १३०० मत प्राप्त गरी बिजयी भएका छन् । संघको १० सदस्यीय कार्यसमितिका लागि १४ जनाबीच प्रतिष्पर्धा भएको थियो ।

संघको वस्तुगततर्फ सूर्य घिमिरे (मदिरा) २२ मत, दुर्गा बराल (कस्मेटिक) २१ मत, पृथ्वीराज तिमिल्सिना २० मत र नवीन नापित (कपडा) १४ मत ल्याएर बिजयी भए । नवीन नापित र दीपेन्द्र कोईरालाको समान १४/१४ भएपछि गरिएको गोला प्रथाबाट नापित बिजयी भए ।

## अख्तियारको प्रतिवेदन: एक हजार पाँच सय ५४ प्रतिवादी

**रासस**
काठमाडौं, ३० भदौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षको अवधिमा एक हजार पाँच सय ५४ जनालाई प्रतिवादी बनाई मुद्दा दायर गरेको छ ।

ती प्रतिवादीविरुद्ध रु आठ अर्ब ४० करोड छ लाख ४९ हजार चार सय सात बराबरको बिगो मागदाबी गरिएको छ । आयोगले आर्थिक वर्ष २०८०/८१ मा विशेष अदालतमा कुल दुई सय एकवटा मुद्दा दर्ता गरेको छ । त्यसमा गैरकानुनी लाभ हानिसँग सम्बन्धित ५८, घूससँग सम्बन्धित ४८, नक्कली शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ३४, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानीसँग सम्बन्धित ३३, राजस्व चुहावटसम्बन्धी १३, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ र विविध विषयका चारवटा छन् । राष्ट्रपति कार्यालय, शीतलनिवासमा आज आयोजित विशेष समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले आयोगको चौतिसौँ वार्षिकप्रतिवेदन (आर्थिक वर्ष २०८०/८१) पेस गर्नुभएको थियो । आयोगले आफ्नो टङ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'काहुँडाँडा-धरहरा खानेपानी आयोजनाको समस्या सम्बोधन गरिने'

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

खानेपानी मन्त्री प्रदीप यादवले काहुँडाँडा-धरहरा खानेपानी आयोजनामा देखिएका प्राविधिक समस्या सम्बोधन गर्न मन्त्रालयले आवश्यक पहल गरिसकेको बताउनुभएको छ ।

पोखरामहानगरपालिका-११ काहुँडाँडा धरहरा खानेपानी आयोजना अवलोकनपछि स्थानीयसँग छलफल गर्दै मन्त्री यादवले सरकारले गुणस्तरीय र भरपर्दो सेवा दिने प्रतिबद्धता जनाउँदै ढिलासुस्तीको अन्त्य गर्न ठोस कदम चाल्ने जानकारी गराउनुभयो । उहाँले आयोजनामा देखिएका प्राविधिक समस्यालाई सम्बोधन गर्न मन्त्रालयले आवश्यक पहल गरिसकेको बताउनुभयो । "काहुँडाँडा आयोजनामा केही प्राविधिक चुनौती देखिएका छन्", मन्त्री यादवले भन्नुभयो, "त्यसको समाधानका लागि अर्थ मन्त्रालयसँग सहकार्य भइरहेको छ । सरकारले ढिलासुस्ती हुन नदिन हरसम्भव प्रयास गर्नेछ ।" मन्त्री यादवले आयोजनाको शीघ्र सम्पन्नताले काहुँडाँडाका बासिन्दालाई स्वच्छ र भरपर्दो खानेपानी उपलब्ध गराउने उल्लेख गर्दै मन्त्रालयले आयोजनालाई तीव्रगतिमा सम्पन्न गराउन उपर्युक्त कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसैगरी, मन्त्री यादवले पोखरा महानगरपालिका-३० स्थित लेखनाथ खानेपानी उपभोक्ता संस्थाका पदाधिकार ीसँग छलफल गर्दै बिजुली दर छुटको विषयमा प्रधानमन्त्रीसँग छलफल गरेर समाधान निकाल्ने प्रतिबद्धता जनाउनुभयो । कामको जिम्मा पाएका निर्माण व्यवसायीको ढिलासुस्तीप्रति आफू गम्भीर रहेको उल्लेख गर्दै उहाँले सार्वजनिक खरिद प्रक्रियामा रहेका कमजोरीलाई सुधार गर्न सरोकारवाला निकायसँग निकट भविष्यमै छलफल गर्ने बताउनुभयो ।

यसअघि मन्त्री यादवले जापान सरकारको सहयोगमा निर्माणाधीन पोखरा खानेपानी सुधार आयोजनाको निरीक्षण गर्नुभएको थियो । निरीक्षणका क्रममा उहाँले आयोजनाको प्रगति, चुनौती र आगामी योजनाको जानकारी लिँदै 'ओभरहेड ट्याङ्की' निर्माणमा देखिएका अवरोध हटाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समन्वय भइरहेको जानकारी गराउनुभयो ।

आजै मन्त्री यादवले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भएको छलफलमा पोखरा खानेपानी आयोजना सम्पन्नमा अवरोध बनेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा आफू गम्भीर रहेको बताउनुभयो । उहाँले आवश्यक समन्वयका उपायको खोजी गरिरहेको बताउनुभयो । दुवै आयोजना देशको प्रतिष्ठासँग जोडिएको उल्लेख गर्दै मन्त्री यादवले कुनै अवरोधबिना ती आयोजनालाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

उ त ī आयोजनाको अनुगमनमा खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठ, नेपाल खानेपानी संस्थानका अध्यक्ष गुनाखर भुसाललगायतको सहभागिता थियो ।

**विज्ञापन कारोवारलाई पारदर्शी बनाऔं**

**सरकारी निकायले विज्ञापन गर्दा:**

◆ सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं,
◆ विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं,
◆ सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
◆ विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीमा राष्ट्रिय शिक्षा दिवसमा विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

कास्कीमा राष्ट्रिय शिक्षा दिवस २०८१ मनाइएको छ । जिल्ला शिक्षा समिति एवम शिक्षा बिकास तथा समन्वय इकाई कास्कीको आयोजनामा आइतबार विशेष समारोहको आयोजना गरि सो दिवस मनाइएको हो ।

कार्यक्रमको प्रतिनिधि सभा सदस्य दामोदर पौडेल बैरागीले उद्घाटन गर्नुभएको थियो। बैरागीले शिक्षालाई सकारात्मक संस्कार संग जोडेर ब्यबहारिक शिक्षा बनाउने तर्फ सबैको प्रयास केन्द्रीकृत गर्नुपर्ने बताउनुभयो ।

शिक्षा प्राप्त ब्यक्ति संसारको जुनसुकै कुनामा पुगेपनी अब्बल जनशक्तिको रूपमा प्रतिष्पर्धि हुनेगरी पाठ्यक्रम निर्माण गर्न आफुहरूको जोडबल रहेको भन्दै ब्यबसायिक आबश्यकताको आधारमा शिक्षा नीति बनाउनेतर्फ



लागेको बताउनुभयो ।

जिल्ला शिक्षा समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले शिक्षा दिवसलाई सप्ताहब्यापी रूपले देशै भरी मनाउने नेपाल सरकारको निर्णय बमोजिम कास्कीमा आइतबार मनाइएको जानकारी दिनुभयो । पौडेलले दक्ष आबश्यक स्वदेशमै जनशक्ति उत्पादन आजको आवश्यकता भएको बताउनुभयो । कार्यक्रममा प्रदेश सभा सदस्यद्वय गणेशमान गुरुङ र प्रकाश बराल, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्चि, गाउँपालिका राष्ट्रिय महा संघ गण्डकीका अध्यक्ष नवराज ओझा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, सामाजिक बिकास मन्त्रालय गण्डकीका निमित्त सचिब तोयनाथ लम्साल, शिक्षा बिकास निर्देशनालयका निर्देशक अम्बिका प्रसाद आचार्य , बिकास तथा समन्वय इकाई कास्कीका कार्यालय प्रमुख लोकनाथ आचार्य, पेशागत शिक्षक संघसंगठनका तर्फबाट मनिराम कंडेल, शाखा अधिकृत भरतराज बराल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो अबसरमा जिल्लामा एसइइ परिक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने बिद्यार्थी, शिक्षक र बिद्यालयहरूलाइ सम्मान र बार्षिक प्रकाशन शैक्षिक दर्पणको बिमोचन गरिएको थियो भने विभिन्न बिधालयका बिद्यार्थीहरूले सान्स्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

नेपाल सरकारले "ज्ञान, बिज्ञान, सीप उद्यम र मौलिकता :साझेदारी र प्रणालीगत सक्षमता "यस बर्षको शिक्षा दिवसको आदर्श बाक्य निर्धारण गरेको छ। जिल्ला शिक्षा समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# खेलकुद पत्रकार मञ्चको अक्षयकोषमा सहारा क्लवको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पत्रकार कल्याणकारी अक्षयकोषमा पोखराको सहारा क्लवले ५१ हजार रुपैया आर्थिक सहयोग गरेको छ।

सहारा क्लवको २६ औं बार्षिकोत्सवको अवसरमा क्लवले आइतबार उक्त रकम बराबरको चेक मञ्चलाई हस्तान्तरण गरेको हो ।

उक्त समारोहका प्रमुख अतिथी गण्डकी प्रदेशको समाजिक बिकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापा, क्लवका अध्यक्ष केशवराज बरालले संयुक्त रुपमा सो रकम बराबरको चेक मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराललाई हस्तान्तरण



गर्नु भएको हो । यस अघि मञ्च गण्डकीको उक्त अक्षयकोषमा निवर्तमान महासचिव विजय नेपालले ११ हजार १११ रुपैयाँ, पूर्व सल्लाहकार एवं अग्रज फोटोपत्रकार सुदर्शन रञ्जितले २५ हजार, अध्यक्ष दीननाथ बरालले १० हजार रुपैया सहयोग गर्नु भएको छ । मञ्च गण्डकीले १० लाखको अक्षयकोष स्थापना गर्ने लक्ष्य राखेको छ ।

बराल नेतृत्व टिमले आफ्नो कार्यकालमा करिब १० लाखको अक्षयकोष स्थापना गर्ने बताउदै आएको छ । हालसम्म उक्त कोषमा व्याज सहित एक लाख रुपैया जम्मा भएको मञ्चले जनाएको छ ।

# ज्ञान गंगा स्कुललाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

ज्ञान गंगा स्कुल पोखरा-१४ चाउथेलाई शिक्षा दिवस २०८१ को अवसरमा जिल्ला शिक्षा समिति एवम शिक्षा बिकास तथा समन्वय इकाई कास्कीको आयोजनामा आइतबार पोखरामा एक कार्यक्रमका बीच सम्मान गरेको छ।

स्कुलले माध्यामिक शिक्षा परीक्षा (एसइइ) २०८० मा शतप्रतिशत नतिजा प्राप्त गर्न सफल भएकोमा सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि संघीय संसद सदस्य दामोदर वैरागी, प्रदेश सांसद प्रकाश बराल, प्रदेश सांसद गणेशमान गुरुङ, जिल्ला शिक्षा समिति कास्कीका संयोजक




तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल र बिकास तथा समन्वय इकाई कास्कीका कार्यालय प्रमुख लोकनाथ आचार्यले विद्यालयका संचालिका नन्दकुमारी ढकाललाई सम्मान गर्नुभएको थियो ।

छोटो समयमा नै शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै आएको विद्यालयले एसइइमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको थियो । विद्यालयले अन्य क्रियाकलापमा पनि उत्कृष्ट हुदै आएको छ । स्कोप कास्कीले हालै आयोजना गरेको सामूहिक सांस्कृतिक नृत्य प्रतियोगितामा सिनियर तर्फ ज्ञानगंगा स्कुल प्रथम भएको थियो ।

# पोखरा 'फोटोग्राफी अवार्ड' शाक्यलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरा फोटोग्राफर सङ्घले चौथो 'अशोक लाइफटाइम अचिभमेन्ट फोटोग्राफी अवार्ड' बागलुङका फोटोग्राफर मुकुन्द शाक्यलाई प्रदान गरेको छ । पोखरामा शनिबार आयोजित एक कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले रु २५ हजार पाँच सय ५५ राशिसहितको उक्त पुरस्कार शाक्यलाई हस्तान्तरण गर्नुभएको हो । बागलुङ फोटोग्राफर सङ्घका सल्लाहकार शाक्य छ दशकदेखि फोटोग्राफीमा सक्रिय हुनुहुन्छ । सङ्घका सल्लाहकार दुर्गा पौडेलले पोखराका पुराना फोटो पत्रकार अशोक बाटाजूको स्मृतिमा पुरस्कार स्थापना गरिएको हो । उहाँले 'यासिका बक्स टुइन्स लेन्स क्यामेरा'बाट आफूले फोटोग्राफी सुरु गरेको बताउनुभयो ।

# लैंगिक समताबारे ५ दिने कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

पोखरा, ३० भदौ । युनिकन पोखरा र इसिएफ तथा आईएम वुमन परियोजनाको समन्वयमा पोखरामा ५ दिने कार्यशाला भएको छ । भदौ २४ देखि २८ गतेसम्म पोखरामा भएको कार्यक्रममा लैंगिक समानता, हिंसा, दुरुपयोग, यौनिकता र भेदभाव जस्ता महत्वपूर्ण विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । कार्यशालामा विभिन्न ८ संस्थाका ३० जना सहभागी थिए । लेकसिटी कलेज र रिसर्च सेन्टर, पोखरा विश्वविद्यालय, सिडब्ल्युएसएन, कर्मा फ्लाइट्स, कोपिला नेपाल, गोनेसा युनिकर्नबाट कार्यशालामा सहभागी भएका थिए ।

कार्यक्रमको प्रमुख सहजकर्ता पुणे इक्वल कम्युनिटी फाउन्डेसनका प्रतिनिधि प्रवीण कात्के र सुदक्षिणा ऐच थिए । उनीहरुले प्रशिक्षणलाई व्यावसायिक र प्रभावकारी



बनाएका थिए । उनीहरूको नेतृत्वमा, सहभागीहरूले लैंगिक समता र समानता सम्बन्धी जटिल मुद्दाहरूमा ज्ञान र व्यावहारिक सीप प्राप्त गरे । समापन समारोहमा सहभागीहरूले प्राप्त ज्ञानको उच्च मूल्यांकन गर्दै भविष्यमा सामाजिक र पेसागत क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने प्रतिबद्धता जनाएका छन् । कार्यशालाले लेंगिक समता र समानता प्रवर्द्धनमा एक नयाँ दिशा निर्देश गर्ने विश्वास व्यक्त गर्दै आयोजकले यस्ता कार्यक्रमहलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन्। युनिकन पोखराका कार्यकारी निर्देशक विनोद न्यौपानेले सहकार्य गर्ने संस्थाहरु इसिएफ तथा आईएम वुमन परियोजनाको लगाव र प्रयासले समाजमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताए ।

# मुस्ताङको साङ्तामा सोलारबाट विद्युतीकरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० भदौं

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ साङ्तामा सौर्य ऊर्जाबाट विद्युतीकरण गरिएको छ। वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समन्वयमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले साङ्तामा सोलार जडान गरेर विद्युतीकरण गरेको हो ।

साङ्तामा तत्काल केन्द्रीय प्रसारण लाइनको विद्युत् पुग्ने सम्भावना नभएपछि सौर्य ऊर्जा जडान गरिएको मुक्तिक्षेत्र-५ का वडासदस्य छिरिङपासाङ गुरुङले बताउनुभयो । "रु ४४ लाख बजेटमा १० किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको हो", उहाँले भन्नुभयो, "साङ्ताका १३ घर लाभान्वित भएका छन् ।" विद्युत् सुविधा भएपछि स्थानीयवासीको जनजीवन सहज भएको छ ।

मोबाइल चार्ज गर्न, रेडियो सुन्न, टेलिभिजन हेर्न, ल्यापटप चलाउन सहज भएको छ । स्थानीयवासीले उज्यालोका लागि यसअघि घरघरमा थोरै क्षमताको सोलार सेट जडान गरेका थिए। गाउँ नजिकैको डाँडामा सोलारका प्यानल राखिएका छन् । सोलार प्यानल नजिकै घर बनाएर ब्याट्री भण्डारण गरेर राखिएको छ । प्यानल र ब्याट्री भएको घर परिसरलाई तारको घेराबार बनाइएको छ। पोल गाडेर तारमार्फत घर-घरमा विद्युत् आपूर्ति गरिएको छ । कर्णाली प्रदेशको डोल्पा जिल्लाको सिमानामा रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ को फल्याक गाउँबाट साङ्ता २८ किलोमिटर टाढा छ । साङ्तालाई मुस्ताङको कान्छो गाउँका रूपमा चिनिन्छ । सबैभन्दा पछि पहिचान भएकाले साङ्तालाई कान्छो बस्ती भनिएको हो । साङ्तामा हालसम्म मोबाइल र इन्टरनेटको सुविधा पुगेको छैन । सूचना अदानप्रदानका लागि दुई घण्टा पैदल हिँडेर झमटङ डाँडामा पुग्ने गर्छन् । वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले नेपाल टेलिकमसँग समन्वय गरेर साङ्तामा मोबाइल फोन सेवा विस्तारको तयारी गरेको बताउनुभयो ।

दश वर्षअघि सडक सुविधा पुगेको साङ्तामा हालै एक घर, एक धारासहितको खानेपानी आयोजना निर्माण गरिएको छ।

# अख्तियारको ...

गालस्थित कार्यालय एवम् आयोग मातहतका कार्यालयहरू इटहरी, बर्दिबास, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर तथा बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जबाट कार्यसम्पादन गर्दै आइरहेको छ । हाल आयोगमा कुल नौ सय ९० कर्मचारीको दरबन्दी रहेको छ । यस्तै, आयोगले ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धानसम्बन्धी अधिकारसमेत प्रत्यायोजन गरेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले भ्रष्टाचारसम्बन्धी उजुरीको प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान तथा भ्रष्टाचार देखिएका उजुरीमाथि विशेष अदालतमा आरोपपत्र दायर गर्ने र सो अदालतबाट भएको फैसलाउपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्दै आएको छ। आव २०८०/८१ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका २६ हजार नौ सय १८ उजुरी प्राप्त भएको छ। अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका नौ हजार दुई सय ६८ उजुरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको सङ्ख्या ३६ हजार एक सय ८६ रहेको छ । तीमध्ये ७६ दशमलव ५९ प्रतिशत उजुरी अर्थात् २७ हजार सात सय १४ उजुरी स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फर्छ्यौट गरिएका छन् ।

# पेट्रोल, डिजेल र मट्टीतेलको भाउ घट्यो

**रासस**
काठमाडौं, ३० भदौं

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टीतेलको भाउ घटाएको छ।

डिजेल र मट्टीतेलमा प्रतिलिटर रु पाँच र पेट्रोलमा प्रतिलिटर रु चारले भाउ घटाएको हो ।

भारतीय आयल निगमबाट बिहीबार प्राप्त नयाँ खरिद मूल्य अनुसार भाउ घटेर आएकाले आज राति १२ बजेपछि लागू हुने गरी मूल्य घटाइएको नेपाल आयल निगमद्वारा आज जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । नयाँ खरिद मूल्य प्राप्त भएपछि निगमको आजै बसेको सञ्चालक परिषद् बैठकले भाउ घटाउने निर्णय गरेको हो ।

निगमको डिपो कार्यालयबाट १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य कायम गरिएको पनि निगमले जनाएको छ । निगमले विभिन्न जिल्लालाई तीन वर्गमा विभाजन गरी त्यसै अनुसार मूल्य निर्धारण गरेको छ ।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# भ्रष्टाचारको जालो

नेपालमा बढ्दो भ्रष्टाचारको जालो तोड्न निकै कठिन देखिएको छासर्वत्र फैलिएको भ्रष्टाचारको जालो तोड्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षको अवधिमा एक हजार पाँच सय ५४ जनालाई प्रतिवादी बनाई मुद्दा दायर गरेको छ। ती प्रतिवादीविरुद्ध आठ अर्ब ४० करोड छ लाख ४९ हजार चार सय सात बराबरको बिगो मागदाबी गरेको छ। आयोगमा परेका यो आ व का २६ हजार बढी उजुरी र गत आवबाट सरेर आएका ९ हजार भन्दा बढी गरि उजुरी ३६ हजारभन्दा बढी छाती उजुरी मध्ये आयोगले आर्थिक वर्ष २०८०/८१ मा विशेष अदालतमा कुल दुई सय एकवटा मुद्दा दर्ता गरेको छ। त्यसमा गैरकानुनी लाभ हानिसँग सम्बन्धित ५८, घूससँग सम्बन्धित ४८, नक्कली शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ३४, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानीसँग सम्बन्धित ३३, राजस्व चुहावटसम्बन्धी १३, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ र विविध विषयका चारवटा छन् । राष्ट्रपति कार्यालय, शीतलनिवासमा आइतबार आयोजित विशेष समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले आयोगको चौतिसौँ वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८०/८१० पेस गरेका छन।

आयोगले आफ्नो टङ्गालस्थित कार्यालय एवम् आयोग मातहतका कार्यालयहरू इटहरी, बर्दिबास, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर तथा बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जबाट कार्यसम्पादन गर्दै आइरहेको छ। हाल आयोगमा कुल नौ सय ९० कर्मचारीको दरबन्दी रहेको छ। यस्तै, आयोगले ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धानसम्बन्धी अधिकारसमेत प्रत्यायोजन गरेको छ। आयोगले भ्रष्टाचारसम्बन्धी उजुरीको प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान तथा भ्रष्टाचार देखिएका उजुरीमाथि विशेष अदालतमा आरोपपत्र दायर गर्ने र सो अदालतबाट भएको फैसलाउपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्दै आएको छ। आव २०८०/८१ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका २६ हजार नौ सय १८ उजुरी प्राप्त भएको छ। अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका नौ हजार दुई सय ६८ उजुरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार एक सय ८६ रहेको छ। तीमध्ये ७६ दशमलव ५९ प्रतिशत उजुरी अर्थात् २७ हजार सात सय १४ उजुरी स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फर्छ्यौट गरिएका छन् । प्राप्त उजुरीमध्ये सबैभन्दा बढी सङ्घीय मामिला स्थानीय तह समेत सँग सम्बन्धित ३८ दशमलव ९१ प्रतिशत छन्। यस्तै, शिक्षा स्थानीय तहसमेत १५ दशमलव ७९ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जन छ दशमलव ९८, भूमि प्रशासन छ दशमलव ४९, नक्कली शैक्षिक प्रमाणपत्र चार दशमलव ७१, वन तथा वातावरण तीन दशमलव ८२, स्वास्थ्य तथा जनसंख्या तीन दशमलव ६८, भौतिक पूर्वाधार तथा यातायात तीन दशमलव ६१, गृह प्रशासन तीन दशमलव ५२ प्रतिशत र अर्थतर्फ दुई दशमलव १३ प्रतिशत उजुरी छन्।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ दुई दशमलव १०, खानेपानी तथा सहरी विकास एक दशमलव ६१ र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरीहरू छ दशमलव ६५ प्रतिशत रहेका छन् । आयोगले कुलमध्ये नौ सय ३२ वटा उजुरीमाथि विस्तृत अनुसन्धान गरेको, १३ हजार पाँच सय उजुरी तामेलीमा राखिएको, चार सय ९६ उजुरीउपर सुझाव दिई तामेलीमा र १२ हजार सात सय ८६ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाहीका लागि लेखी पठाइएको जनाएको छ। आव २०८०/८१ मा एक हजार ५० वटा फाइलको विस्तृत अनुसन्धान सम्पन्न गरी आयोगमा पेस भएकामा कुल ८६ वटा बैठक बसी दुई सय एकवटा मुद्दा दायर गर्ने निर्णय गरिएका थिए। विभिन्न विषयमा एक हजार दुई सय ९४ वटा निर्णय भएका प्रतिवेनमा उल्लेख छ। आयोगका प्रवक्ता नरहरि घिमिरेकानुसार प्रतिवादी बनाएकामध्ये सरकारी कर्मचारी पाँच सय २०, निर्वाचित जनप्रतिनिधि एक सय छ, मनोनीत पदाधिकारी एक सय ४८, राजनीतिक नियुक्ति ३२, लेखापढी व्यवसायी, विचौलिया, सङ्घसंस्था र अन्य व्यक्तिहरू सात सय ३९ जना छन्। यस्तै, सरकारी कर्मचारीमध्ये विशिष्ट श्रेणीका छ, सहसचिव वा सो सरहका ३०, उपसचिव ८२, शाखा अधिकृत दुई सय दुई र सहायक स्तरका दुई सय जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ। भ्रष्टाचारमा धैरै निजामती कर्मचारी नै पर्नुले भ्रष्टाचारको दाम्लो कति फैलिएको बुझ्न सकिन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# श्रीकृष्ण प्रणामी जिल्ला समितिमा कृष्ण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, जिल्ला कार्य समिति कास्कीको चौथो वार्षिक साधारण सभा एवं दोश्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले आगामी कार्यकालको लागि कृष्ण प्रसाद ढुंगानाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । जसअन्तर्गत नयाँ कार्यसमितिको निवर्तमान अध्यक्षमा लिलाम्बर सापकोटा, उपाध्यक्षमा महेश्वर पाण्डे, उपाध्यक्षमा टिका खनाल, सचिवमा इन्द्र बहादुर कार्की, कोषाध्यक्षमा राजन घिमिरे र सह सचिवमा जानुका पौडेल चयन भएका छन । त्यसैगरी सदस्यहरुमा अम्बिका सापकोटा, लक्ष्मी ओझा, सरिचा सुवेदी र बालकृष्ण आचार्य चयन भएका छन । श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन कुमार ढकाल निर्वाचन संयोजक र मन्दिरका सचिव लक्ष्मण बराल र बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुली सदस्य रहेको निर्वाचन मण्डलले उक्त पदाधिकारीहरु चयन गरेको थियो।

यस अघि चौथो साधारण सभा तथा दोश्रो अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि कल्याण कुमार कार्कीले श्रीकृष्ण प्रणामी सेवा समितिले युवाहरुलाई धर्म प्रति आस्था राख्नका लागि उल्लेख्य काम गरेको वताए । प्रणामी मन्दिरमा आयोजना हुने विभिन्न कार्यक्रमले समेत धार्मिक क्षेत्रमा मानिसहरु प्रति आस्था जगाउन अभिप्रेरित गरेको उनको भनाइ रहेको थियो।

# स्मार्ट हाजिरी विद्यार्थी विद्यालय आएको सूचना अभिभावकलाई

**पोखरापत्र संवाददाता**
दमौली, ३० भदौं

तनहुँका आँबुखैरेनी गाउँपालिका-१ सत्रसयस्थित मित्रता माध्यमिक विद्यालयमा विद्यार्थीको स्मार्ट हाजिरी प्रणाली सुरु भएको छ । तनहुँ जिल्लामै पहिलो पटक आँबुखैरेनी गाउँपालिकाको विद्यालयमा स्मार्ट हाजिरीको प्रयोग भएको हो।

स्मार्ट हाजिरीको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले उद्घाटन गर्नुभएको छ। एम्बेडेड सोलुसन नेपालले निर्माण गरेको एकेडेमिक म्यानेजमेन्ट सफ्टवयर स्मार्ट उपस्थिति प्रणालीले विद्यालयमा विद्यार्थीको उपस्थितिबारे अभिभावकलाई सूचना प्रदान गर्छ । विद्यार्थी गेटबाटभित्र छिर्ने बित्तिकै अभिभावकको मोबाइलमा आफ्ना बालबालिका विद्यालय पुगेको जानकारी पुग्छ र गेटबाट बाहिर निस्कँदा विद्यालयबाट बाहिरिएको सूचना अभिभावकको मोबाइलमा पुग्ने गरेको विद्यालयका प्रधानाध्यापक सुरेन्द्र बोगटीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “विद्यालय छुट्टीपछि घर आउन लाग्ने समय अभिभावकलाई जानकारी हुन्छ, साथै घरबाट हिँडेपछि आफ्ना छोराछोरी विद्यालय पुगेको कुरासमेत जानकारी हुन्छ।” मित्रता माविले अहिले यो व्यवस्था आधारभूत तहका विद्यार्थीमा लागू गरेको छ। आगामी वर्षदेखि कक्षा १२ सम्म यो प्रणाली जडान गरिने बोगटीले बताउनुभयो । उहाँले भन्नुभयो, “यस प्रणालीमा विद्यार्थी कक्षा छोडेर जाने सम्भावना हुँदैन । विद्यार्थीको परिचयपत्रमा चिप्स जडान गरिएको छ । विद्यार्थी गेटमा आइपुग्नेबित्तिकै मेसिनले घण्टी बजाउँछ र तत्कालै उक्त सूचना अभिभावकसम्म पुग्ने गर्छ । बोगटीले अभिभावकलाई उहाँका बालबालिका विद्यालयमा सुरक्षित छन् वा बाहिर छन् भन्ने चिन्ता भइरहने र यो प्रणाली लागू गरेपछि अभिभावकलाई सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “विद्यालय व्यवस्थापन प्रणालीमा नविनता ल्याउन स्मार्ट एटेन्डेन्स सिष्टम महत्वपूर्ण हुने विश्वास छ।”

# इन्जिनियर्स एशोसिएशनको अध्यक्षमा बराल निर्वाचित

**रासस**
काठमाडौं, ३० भदौं

नेपाल इन्जिनियर्स एशोसिएशनको अध्यक्षमा सेन्टर फरसुवासचन्द्र बराल निर्वाचित हुनुभएको छ।

गए राति सम्पन्न निर्वाचन परिणामअनुसार बरालले आफ्ना प्रतिद्वन्द्वी विष्णुप्रसाद पाण्डेलाई २०७२ मतले पराजित गर्नुभएको हो।

उपाध्यक्षमा प्रकाश केसी, महासचिवमा विनोदप्रकाश पण्डित, उपमहासचिवमा अनिल मानन्धर, कोषाध्यक्षमा सुमन थापा र सहकोषाध्यक्षमा कृष्णप्रसाद पोखरेल निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ।

यसैगरी, सदस्यमा रामकृष्ण पौडेल, प्रभुराम पोखरेल, एमेन्द्र गुरुङ, अनिल पौडेल, सञ्जयकुमार शाह, नेत्रप्रसाद देवकोटा, भैरव धिताल, सुजन श्रेष्ठ, लोकेन्द्र अधिकारी, विक्रमकुमार दास, प्रियङ्का गुप्ता र जयकिसुन राय निर्वाचित हुनुभएको छ।


## सार्वजनिक सूचना

बागलुङ ताङ्ग्राम-३ बस्ने गौरी पुनको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २६ को कित्ता नं. ३१८९ को क्षेत्रफल ०-५-१-० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ३२११ र पश्चिम तर्फ कि. नं. ३१२० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २६ को कार्यालय अर्घौचोकमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


# बालबालिकाको स्वास्थ्य परीक्षण, बाल सुधार गृहमा फलफुल वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं



६० औं राष्ट्रिय बाल दिवसको अवसरमा शारीरिक अपांगता भएका बालबालिकको पहिचान तथा स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएको छ।

शिविरमा करिव १ सय जना बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छ । विकलागं मित्र समुह/अपांग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र बनेपाको, पोखरा महानगरपालिका समाजिक विकास महाशाखा र महानगर बाल मञ्चको आयेजनामा स्वास्थ्य शिविर सम्पन्न भएको हो । शिविरमा जन्मजात खुट्टााको पैतलाभित्र फर्केको, आगोले पोलेर अंगहरु एक आपसमा टाँसिएको, भाँचिएको बांगो, हड्डी नजोडिएको खुट्टा लुलो र कमजोर भएको, जोर्नीहरु दुख्ने र सुन्निने समस्या भएका , हड्डी पाकेर पिप आईरहने र हड्डीको टि.वि.रोग लागेका बालबालिकाको उपचार गरिएको गरिएको थियो । त्यस्तै शिविरमा औलाहरु एकआपसमा टाँसिएको वा बढी भएको, शरीरका विभिन्न जोर्नीहरु बांगो वा खुस्किएको, सहायक सागम्री तथा कुत्रिम अंगको आवश्यकता भएका र ओठ तालु फाँटेका अन्य हाडजोर्नी सम्बन्धी समस्या भएका बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको अंपागता बाल अस्पाताल तथा पूर्नस्थापना केन्द्र बनेपाका शालिकराम तिमिल्सिनाले जानकारी दिए।

शिविरको पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले उद्घाटन गर्दै शिविरले शारीरिक रुप्मा अपांगता भएका बालबालिको स्वास्थ्य परीक्षणमा सहज भएको बताइन् । उनले उपचार र परीक्षणका लागि बनेपा जानुपर्ने बाध्यता समेत हटेको बताउदै शारीरिक रुपमा समस्या भएका बालबालिलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा महानगर गम्भिर रहेको बताइन् । पोखरा महानगरपालिका वडा नम्वर ८ का वडा अध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगर सामाजिक विकास महाशाखा दिर्नेशक निर्मला शर्मा र महिला विकास अधिकृत बेलकुमारी गुरुङले बोलेका थिए । यस्तै पोखरा महानगरपालिका वडा नम्वर १८ मा रहेको बाल सुधार गृहमा रहेका बालकहरुलाई फलफुलट वितरण गरिएको छ । ६० औं राष्ट्रिय बाल दिवसको अवसरमा पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाले सुधार गृहमा रहेका बालकहरुलाई फुलफुल वितरण गरेको हो । आइतबार पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले बालगृहका वाडेन अजय क्षेत्रीलाई फलफुल हस्तान्तरण गरिन्। उनले दिवसको अवसरमा बाल सुधार गृह अनुगमन गर्दै त्यहाँको आवश्यकताका बारेमा छलफल गरिएको बताइन् । उनले सुधार गृहलाई आवश्यक सामग्री केही समयपछि हस्तान्तरण गरीने बताउदै अहिले आवश्यकता बारे वाडेनसंग छलफल र अनुगमन गरिएको बताइन् । बाल सुधार गृहका वाडेन अजय केसीले बाल सुधार गृहमा क्षमताभन्दा बढि बालकहरु राख्दा केही समस्या रहेको बताउदै महानगरसंग खाना खानका लागि टेबल कुर्चीको अभाव रहेको बताउदै त्यसका लागि सहयोग गर्न आग्रह गरे। हाल सुधार गृहमा ११० जना बालकहरु रहेका छन्। सुधार गृहको क्षमता ६० जनाको रहेको वाडेन केसीले बताए।

# १३ औं पोखरा महोत्सव पुषको अन्तिम साता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भदौं

युनाइटेड क्लव पोखराले विभिन्न उपसमिति तथा सल्लाहकारहरु चयन गरेको छ। क्लवको हालै सम्पन्न सातौ अधिवेशनबाट नवनिर्वाचित पदाधिकारीहरुको पहिलो बैठकले क्लबको विभिन्न उप समिति संगै सल्लाहकारहरु चयन गरेको हो।

जस अन्तर्गत क्लवको पर्यटन प्रवर्द्धन उपसमिति संयोजकमा निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, भौतिक निर्माण उपसमिति संयोजकमा संस्थापक अध्यक्ष हिमालय बख्रेल, खेलकुद उपसमिति संयोजकमा पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, शिक्षा उपसमिति संयोजकमा वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिना, विपद ब्यवस्थापन उपसमिति संयोजकमा द्धितिय उपाध्यक्ष सूर्य बहादुर बानियाँ, स्वास्थ्य उपसमिति संयोजकमा कार्यसमिति सदस्य विष्णु कुमार गुरुङ, महिला उपसमिति संयोजकमा कार्य समिति सदस्य शान्ति सुवेदी र युवा उपसमिति संयोजकमा कार्यसमिति सदस्य बुद्ध कार्की चयन भएका छन। त्यसैगरी क्लबले निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, संस्थापक अध्यक्ष हिमालय बख्रेल, पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, पूर्व अध्यक्ष लालकाजी गुरुङ, रमेश वहादुर कार्की, राजेन्द्र बहादुर थापा, शुशिलराज पराजुली, लिलाधर अधिकारी र गोबिन्द घिमिरेलाई सल्लाहकार चयन गरेको क्लवका महासचिव दिनेश सुनारले जानकारी दिए। क्लबको बैठकले १३ औं संस्करणको पोखरा महोत्सव आगामी पुषको अन्तिम साता आयोजना गर्ने निर्णय गरेको छ।


## पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**न्यूरोड, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना।**

(प्रकाशन मिति २०८१/०५/३१)

कास्की जिल्लाको पोखरा महानगरपालिका द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल । |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका वडा नं १७ मा पर्यटन प्रवर्द्धनका लागि "Sky Bridge Viewpoint at Phewa Lake" Of Pokhara Metropolitan City निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन निर्माण गर्ने । |
| प्रभाव पर्न सक्ने क्षेत्र | पोखरा महानगरपालिका वडा नं १७ र २२ । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा उपस्थितिका लागी अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

| | |
|---|---|
| मिति : २०८१/०६/०६<br>समय : दिनको ११ बजे<br>स्थान : पोखरा महानगरपालिका वडा नं १७ को कार्यालय। | प्रस्तावक<br>पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, कास्की ।<br>फोन नं ९८५६००७११<br>इ मेल : info@pokharamun.gov. np |

**प्रमुख प्रशासकीय अधिकृत**

